प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,रोल्पा

सूचनाको हक सम्बन्धी ऐन २०६४को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५को नियम ३ बमोजिम २०७९ साल श्रावण देखि २०७९ साल असोज मसान्त सम्मको

# स्वतः प्रकाशन तथा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण



## स्वतः प्रकाशन
## (Proactive Disclosure)

सुशासनको मेरुदण्डको रुपमा रहेको सूचना सम्बन्धी हक नेपालको संविधानले धारा २७ मा व्यवस्था गरेको छ । सूचनाको हकलाई संविधानले नै मौलिक हकका रुपमा प्रत्याभूत गरे अनुरुप राज्यबाट हुने कार्य सम्पादनहरुलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला तथा पारदर्शी बनाई सार्वजनिक महत्वको सूचनामा आम नागरिकहरुको पहँचु लाई सरल र सहज बनाउनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५ को नीतिगत व्यवस्था समेत भएको छ ।नेपाल सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली " को साझा आकांक्षालाई पुरा गर्ने दिर्घकालिन सोचका साथ रोल्पा जिल्लामा पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास गर्नको लागि कृषकहरुलाई पशुपन्छी तथा मत्स्य सम्बन्धी प्राविधिक ज्ञान प्रदान गर्ने, पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादनमा कृषकहरुलाई प्रोत्साहनको लागि अनुदान वितरण गर्ने, स्थानिय निकाय तथा विभिन्न संघ सस्थासँग समन्वय,सहकार्य गरी कृषकलाई सहयोग गर्ने ५नं.प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कार्य गर्दै आएको छ । सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,रोल्पाबाट मिति २०७९ साल श्रावण १ गते देखि २०७९ साल असोज मसान्त सम्म सम्पादन गरिएका मुख्य मुख्य कार्यहरुको यथार्थ जानकारी आम नागरिकहरुलाई होस भन्ने अभिप्रायका साथ प्रस्तुत गरिएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,रोल्पा

२०७९ कार्तिक १ गते

## १.भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,रोल्पाको स्वरुप तथा प्रकृतिः

नेपालको संबिधान २०७२ को अनुसूची-६ र ७ मा धारा ५७ को उपधारा (२) र (३), धारा १०९,धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा (३) धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित भनि प्रदेशको एकल अधिकार र संघ तथा प्रदेशको साझा अधिकार सूची उल्लेख गरेको छ । उक्त प्रदेशको एकल अधिकार सूचीको २० नं. बुँदामा कृषि तथा पशु विकासको अधिकार तथा जिम्मेवारी प्रदेश र संघ तथा प्रदेशको साझा अधिकार सूचीको १२ नं.बुँदामा पशु चिकित्सा सेवा संचालनको अधिकार र जिम्मेवारी संघ र प्रदेश दुवैको हुने उल्लेख छ । मिति २०७४/११/०३ गते यस लुम्बिनी प्रदेश सरकारको विधिवत स्थापना भई मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय “ लुम्बिनी प्रदेश , प्रदेश सरकार ( कार्यविभाजन ) नियमावली २०७४ जारी गर्दै प्रदेश सरकारमा रहने विभिन्न मन्त्रालयहरुले गर्ने कार्यहरुको जिम्मेवारी विवरण सार्वजनिक गरेको छ ।जस अनुसार प्रदेश सरकार र यसका निकायहरुले पशुपन्क्षी तथा मत्स्य विकास, चिकित्सा तथा महामारी रोग नियन्त्रण र वजार प्रवर्द्धनसँग सम्बन्धित लगायतका कार्य विवरणहरु उल्लेख छन्।कर्मचारी समायोजन ऐन २०७४ को दफा ४ उपदफा (१) र (२) मा उल्लेख भए बमोजिम सरकरी निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने व्यवस्था गरी संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची, जिम्मेवारी, कामको प्रकृति र औचित्यताको आधारमा संगठन तथा सर्वेक्षण तीनै तहको संगठन संरचना तथा दरवन्दी नेपाल सरकारलाई सिफारीस गर्ने व्यवस्था बमोजिम कर्मचारी समायोजन नियमावली २०७४ को नियम ३ बमोजिम गठित समितिले तयार गरेको प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत रहने निकायहरुको संगठन तथा सर्वेक्षण प्रतिवेदन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृतका लागि नेपाल सरकार मन्त्रीपरिषदको बैठकमा पेश भएकोमा मिति २०७५/०३/२६ गतेको वैठकवाट निर्णय भएपछि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको संगठन संरचना तथा कर्मचारी दरवन्दी सम्वन्धि कानुनी आधार तयार भएको हो । राष्ट्रको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको पशुपन्क्षी तथा मत्स्य विकासको अपरिहार्यतालाई अंगिकार गर्दै पशुपन्क्षी तथा मत्स्य सम्वन्धि उन्नत प्रविधिको प्रचार प्रसार पशुपन्क्षी तथा मत्स्यको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी व्यवसायीकरण गर्दै कृषकको जीवनस्तर सुधार गर्ने उदेश्यले वि.स.२०७५ सालमा यस जिल्लामा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थापना भएको हो ।रोल्पा लिवाङमा रहि रोल्पा जिल्लामा सेवा प्रवाह गर्ने गर्दछ ।

## २.भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,रोल्पाको काम,कर्तव्य तथा अधिकार

- पशुपन्क्षी तथा मत्स्यका लागि विशिष्टिकृत पशु चिकित्सा सेवा प्रदान गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य स्वास्थ्य परिक्षण तथा रोग निदानका लागि आधुनिक प्रविधिको सेवा उपलब्ध गराउने
- पशुपन्क्षी रोग निदानका लागि प्रयोगशाला ( प्याथोलोजिकल,पारासाईटोलोजिकल, माईक्रोवायोलोजिकल, वेशिक भाइरोलोजिकल तथा बायोकेमेस्ट्री ) सेवा प्रदान गर्ने ।
- राष्टिय, प्रदेश तथा स्थानीयस्तरमा प्राथमिकता प्राप्त पशुपन्क्षी तथा मत्स्य रोग सर्भिलेन्स गर्ने ।
- नियमन सेवा सञ्चालन सहजीकरण गर्ने ।
- पशुपन्क्षी तथा मत्स्यजन्य महामारी, विपद व्यवस्थापन र रोग नियन्त्रणका लागि आवश्यक औषधी, खोप तथा नियन्त्रण उपकरण / सामग्रीको वफर स्टक व्यवस्थापन गर्ने ।
- कृतिम गर्भाधान सेवा सञ्चालनको लागि तरल नाईट्रोजन तथा सिमेन व्यवस्थान गर्ने ।
- नयाँ पशु नश्ल वा प्रजाति प्रदेशमा भित्र्याउने वा विस्तार सम्वन्धि कार्य गर्दा संङ्घीय निकायसँगको समन्वयमा गर्ने ।
- पशु सेवा सम्वन्धि जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।
- दूध, फूल, माछा, मासुको उत्पादान तथा उत्पादकत्व वढाउन कार्ययोजना तयार गरि समन्वयमा कार्यान्वयन गर्ने ।
- पशुपन्क्षी तथा मत्स्यपालन गर्ने कृषक, व्यवसायी तथा उद्यमीहरुले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने ।
- पशु कल्याण सम्वन्धी आवश्यक कार्य गर्ने ।
- पशुपन्क्षी, मत्स्य सम्वन्धी कार्यक्षेत्रका स्थानीय तहको पशुजन्य उत्पादन तथा पशुपन्क्षी तथ्याङ्क अध्यावधिक गर्ने ।
- प्रदेश निर्देशनालयवाट प्रत्यायोजित कार्यहरु गर्ने ।

**पशु चिकित्सा तथा प्रयोगशाला शाखा**

- पशुपन्क्षी तथा मत्स्यका लागि विशिष्टिकृत पशु चिकित्सा ( मेडिकल, सर्जिकल, गाईनोक्लोजिकल,रेडियोलोलिजक ) सेवा सञ्चालन गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य स्वास्थ्य परीक्षण तथा रोग निदानको लागि आधुनिक प्रविधि र उपकरणको प्रयोग गरि सेवा उपलब्ध गराउने ।
- पशुपन्क्षी रोग निदानका लागि प्रयोगशाला ( प्याथोलोजीकल, पारासाईटोलोजीकल, माईक्रोवायोलोलिजकल, वेशिक भाईरोलोजिकल तथा वायोकेमेस्ट्री ) सेवा प्रदान गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य रोगहरु आवश्यकता अनुसार औषधोपचार सेवा सञ्चालन गर्ने ।

- पशुपन्क्षी तथा मत्स्य रोगहरु सर्भिलेन्स, तथ्याङ्क संकलन तथा व्यवस्थपान र संप्रषण गर्ने ।
- अल्ट्रासाउण्ड, एक्स-रे लगायतका आधुनिक प्रविधियुक्त सेवा उपलब्ध गराउने ।
- विशेषज्ञवाट घुम्ती स्वास्थ्य शिविर लगायतका सेवा सञ्चालन गर्ने ।
- पशु तथा मत्स्यको शव परिक्षण गर्ने ।
- नेपाल पक्ष राष्ट्र भएको विश्व पशु स्वास्थ्य संगठन लगायतका अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठनमा पशुपन्क्षी ( वन्यजन्तु समेत) माछा, मैरी रोग तथा अवस्थाको सम्वन्धमा निर्दिष्ट ढाँचामा रिपोर्टिङ गर्ने ।
- पशु रोग जोखिम विश्लेशण गर्ने ।
- रेविज रोग नियन्त्रणको लागि घरपालुवा तथा समुदायिक कुकुर, विरालोमा खोप तथा वन्ध्याकारण सेवा सञ्चालन गर्ने ।
- पशुपन्क्षी तथा मत्स्यमा खोपको माग तथा आपुर्ति व्यवस्थापन गर्ने ।
- पशु स्वास्थ्य नियमन सेवा सञ्चालन एवम् समन्वय गर्ने ।
- पशुपन्क्षी तथा मत्स्यजन्य महामारी एवम् प्रकोप व्यवस्थापन गर्ने ।
- आधुनिक पशु उपचार सम्वन्धी प्रविधि हस्तान्तरण तथा विस्तार गर्ने ।
- एक स्वास्थ्यको अवधारणा  कार्यान्वयन गर्न कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुसँग समन्वय गर्ने ।
- डेरी पसल, माछा/मासु पसल, वघस्थल, वधशाला, भेटेरीनरी औषधी पसल, पेट सप, केनल क्लव, एक्वेरियम, पशु हाटवजार लगायतका पशु सेवा प्रदायकको अनुगमन तथा नियमन गर्ने ।
- पशु कल्याण सम्वन्धी आवश्यक कार्य गर्ने ।

**पशु विकास तथा प्रविधि प्रसार शाखा**

- कृतिक गर्भाधान सेवा सञ्चालनको लागि तरल नाईट्रोजन तथा सिमेन व्यवस्थापन गर्ने ।
- पशु प्रजननसँग सम्वन्धित समस्याहरुको निराकरण गर्न स्थानीय तहहरुकसँगको समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई आवश्यकता अनुसार प्राविधिक पृष्ठपोषण गर्ने ।
- पशुपालन क्षेत्रमा देखा परेका चुनौतिहरुलाई सम्बोधन गर्न अध्ययन , परिक्षण, अनुसन्धान सेवा प्रवाह गर्ने ।
- स्थानीय तहवाट माग भएको अवस्थामा गुणस्तरीय घाँसको वीउ, डालेघाँसको वेर्ना, सेट्स, लगायतका उत्पादन सामग्रीको आपुर्ति व्यवस्थापन सहजिकरण गर्ने ।
- पशुपन्क्षी तथा माछाको स्रोत केन्द्र विकास गर्न आवश्यक सहजीकरण तथा प्राविधिक सेवा प्रदान गर्ने ।

- पशुपन्क्षी , पशुजन्य पदार्थ र मासु उत्पादन सामग्री सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा विवरण अद्यवधिक गर्ने ।
- पशुपन्क्षी प्रसारको योजना तर्जुमा, व्यवसायिक योजना निर्माण आवश्यकता अनुसार स्थानीय तहलाई सहजीकरण गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य कर्जा र वीमा प्रवर्द्धनमा सहजीकरण गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य स्रोत केन्द्र व्यवस्थापन सहजीकरण गर्ने ।
- असल पशुपालन अभ्यास प्रवर्द्धन तथा विस्तार गर्ने ।
- स्थानीय तहमा कार्यरत प्राविधिक तथा अगुवा कृषक/व्यवसायीको कार्यक्षमता अभिवृद्धि गर्न प्रशिक्षण/ प्रदर्शनहरु सञ्चालन गर्ने ।
- प्रविधि/ नतिजा प्रदर्शनको लागि सूचना केन्द्र सञ्चालन गर्ने ।
- व्यवसायीक पशुपन्क्षी तथा मत्स्य फार्म,ह्याचरी, दुग्ध प्रशोधन उद्योग र दाना उद्योगको तथ्याङ्क अध्यावधिक गर्ने र प्रदेश निर्देशनालयमा रिपोर्टिङ गर्ने ।

प्रशासन शाखा

- कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने ।
- जिन्सी तथा स्टोर व्यवस्थापन गर्ने ।
- जनशक्ति व्यवस्थापन गर्ने ।
- अन्य सम्पूर्ण प्रशासनिक कार्यहरु सञ्चालन गर्ने ।

## ३.भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,रोल्पामा रहने कर्मचारीको संख्या र विवरण

| क्र.स. | पदको नाम | श्रेणी/तह | सेवा | समुह | दरबन्दि |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | रा.प.तृ प्रा./ सातौ/ आठौ | कृ ष | समुहकृत नहुने | १ |
| २ | प.से.प्रा. | रा.प.अनं प्र.प्रा./ पाँचौ/ छैठौ | कृ ष | ला.पो.एण्ड डे.डे. | १ |
| ३ | प.स्वा.प्रा. | रा.प.अनं प्र.प्रा./ पाँचौ/ छैठौ | कृ ष | भेटेरीनरी | १ |
| ४ | ना.सु. | रा.प.अनं प्र./ पाँचौ/ छैठौ | प्रशासन | सामान्य प्रशासन | १ |
| ५ | लेखापाल | रा.प.अनं प्र./ पाँचौ/ छैठौ | प्रशासन | लेखा | १ |
| ६ | ना.प.स्वा.प्रा. | रा.प.अनं द्व.प्रा./ चौथो/ पाँचौ | कृ ष | भेटेरीनरी | १ |
| ७ | ना.प.से.प्रा. | रा.प.अनं द्व.प्रा./ चौथो/ पाँचौ | कृ ष | ला.पो.एण्ड डे.डे. | १ |
| ८ | ह.स.च. | श्रेणी वहिन | इन्जिनियरीङ | मेकानिकल | १ |
| ९ | का.स. | श्रेणी वहिन | प्रशासन | सामान्य प्रशासन | २ |
| १० | | | | | |
| | | | | | १० |

## ४.भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,रोल्पाबाट प्रदान गरिने सेवाहरुः

### १) पशु विकास तथा प्रविधि प्रसार शाखा

- कृतिक गर्भाधान सेवा सञ्चालनको लागि तरल नाईट्रोजन तथा सिमेन व्यवस्थापन गर्ने ।
- पशु प्रजननसँग सम्वन्धित समस्याहरुको निराकरण गर्न स्थानीय तहहरुकसँगको समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई आवश्यकता अनुसार प्राविधिक पृष्ठपोषण गर्ने ।
- पशुपालन क्षेत्रमा देखा परेका चुनौतिहरुलाई सम्बोधन गर्न अध्ययन , परिक्षण, अनुसन्धान सेवा प्रवाह गर्ने ।
- स्थानीय तहवाट माग भएको अवस्थामा गुणस्तरीय घाँसको वीउ, डालेघाँसको वेर्ना, सेट्स, लगायतका उत्पादन सामग्रीको आपुर्ति व्यवस्थापन सहजिकरण गर्ने ।
- पशुपन्क्षी तथा माछाको स्रोत केन्द्र विकास गर्न आवश्यक सहजीकरण तथा प्राविधिक सेवा प्रदान गर्ने ।

- पशुपन्क्षी , पशुजन्य पदार्थ र मासु उत्पादन सामग्री सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा विवरण अद्यवधिक गर्ने ।
- पशुपन्क्षी प्रसारको योजना तर्जुमा, व्यवसायिक योजना निर्माण आवश्यकता अनुसार स्थानीय तहलाई सहजीकरण गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य कर्जा र वीमा प्रवर्द्धनमा सहजीकरण गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य स्रोत केन्द्र व्यवस्थापन सहजीकरण गर्ने ।
- असल पशुपालन अभ्यास प्रवर्द्धन तथा विस्तार गर्ने ।
- स्थानीय तहमा कार्यरत प्राविधिक तथा अगुवा कृषक/व्यवसायीको कार्यक्षमता अभिवृद्धि गर्न प्रशिक्षण/ प्रदर्शनहरु सञ्चालन गर्ने ।
- प्रविधि/ नतिजा प्रदर्शनको लागि सूचना केन्द्र सञ्चालन गर्ने ।
- व्यवसायीक पशुपन्क्षी तथा मत्स्य फार्म,ह्याचरी, दुग्ध प्रशोधन उद्योग र दाना उद्योगको तथ्याङ्क अध्यावधिक गर्ने र प्रदेश निर्देशनालयमा रिपोर्टिङ गर्ने ।

**पशु चिकित्सा तथा प्रयोगशाला शाखा**

- पशुपन्क्षी तथा मत्स्यका लागि विशिष्टिकृत पशु चिकित्सा ( मेडिकल, सर्जिकल, गाईनोक्लोजिकल,रेडियोलोलिजक ) सेवा सञ्चालन गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य स्वास्थ्य परीक्षण तथा रोग निदानको लागि आधुनिक प्रविधि र उपकरणको प्रयोग गरि सेवा उपलब्ध गराउने ।
- पशुपन्क्षी रोग निदानका लागि प्रयोगशाला ( प्याथोलोजीकल, पारासाईटोलोजीकल, माईक्रोवायोलोलिजकल, वेशिक भाईरोलोजिकल तथा वायोकेमेस्ट्री ) सेवा प्रदान गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य रोगहरु आवश्यकता अनुसार औषधोपचार सेवा सञ्चालन गर्ने ।
- पशुपन्क्षी तथा मत्स्य रोगहरु सर्भिलेन्स, तथ्याङ्क संकलन तथा व्यवस्थपान र संप्रषण गर्ने ।
- अल्ट्रासाउण्ड, एक्स-रे लगायतका आधुनिक प्रविधियुक्त सेवा उपलब्ध गराउने ।
- विशेषज्ञवाट घुम्ती स्वास्थ्य शिविर लगायतका सेवा सञ्चालन गर्ने ।
- पशु तथा मत्स्यको शव परिक्षण गर्ने ।
- नेपाल पक्ष राष्ट्र भएको विश्व पशु स्वास्थ्य संगठन लगायतका अन्तराष्ट्यि तथा क्षेत्रीय संगठनमा पशुपन्क्षी ( वन्यजन्तु समेत) माछा, मैरी रोग तथा अवस्थाको सम्वन्धमा निर्दिष्ट ढाँचामा रिपोर्टिङ गर्ने ।
- पशु रोग जोखिम विश्लेशण गर्ने ।

- रेविज रोग नियन्त्रणको लागि घरपालुवा तथा समुदायिक कुकुर, विरालोमा खोप तथा वन्ध्याकारण सेवा सञ्चालन गर्ने ।
- पशुपन्क्षी तथा मत्स्यमा खोपको माग तथा आपुर्ति व्यवस्थापन गर्ने ।
- पशु स्वास्थ्य नियमन सेवा सञ्चालन एवम् समन्वय गर्ने ।
- पशुपन्क्षी तथा मत्स्यजन्य महामारी एवम् प्रकोप व्यवस्थापन गर्ने ।
- आधुनिक पशु उपचार सम्वन्धी प्रविधि हस्तान्तरण तथा विस्तार गर्ने ।
- एक स्वास्थ्यको अवधारणा कार्यान्वयन गर्न कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुसँग समन्वय गर्ने ।
- डेरी पसल, माछा/मासु पसल, वद्यस्थल, वधशाला, भेटेरीनरी औषधी पसल, पेट सप, केनल क्लव, एक्वेरियम, पशु हाटवजार लगायतका पशु सेवा प्रदायकको अनुगमन तथा नियमन गर्ने ।
- पशु कल्याण सम्वन्धी आवश्यक कार्य गर्ने ।

**लेखा शाखा**

आर्थिक प्रशासन प्रमुखको रुपमा आर्थिक कारोवार गर्ने तथा आर्थिक अनुशासन कायम गर्ने/गराउने । आर्थिक श्रेस्ता विनियोजन, निकासा, खर्च अध्यावधिक राख्ने , लेखापरिक्षण गराउने, फाँटवारी पठाउने, वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा सहयोग गर्ने ।वेरुजू नियमित, असुली तथा फछ्र्यौट, गर्नु यस शाखाको प्रमुख कार्य रहेको छ।

**प्रशासन शाखा**

कार्यालको सामान्य प्रशासन सम्वन्धि तथ्याङ्क अध्यावधिक गर्ने/गराउने कर्मचारीको अभिलेख व्यवस्थापन, निर्देशन कार्यान्वयन, कार्यालयको भौतिक सम्मतिको रेकर्ड, संरक्षण, लिलाम र जिन्सी व्यवस्थापन गर्ने । कार्यालयको सुशासन कायम गर्न गराउन र दैनिक प्रशासन संचालन कार्यमा सहयोग गर्ने

## ६.भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,रोल्पामा रहेका शाखा र जिम्मेवारी अधिकारी

| क्र.स. | शाखाको नाम | जिम्मेवारी अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | पशु विकास तथा प्रविधि प्रसार शाखा | गिर वहादुर घर्तिमगर | |
| २. | पशु चिकित्सा तथा प्रयोगशाला शाखा | वेगमध्वज हमाल | |
| ३. | लेखा शाखा | सरस्वती गिरी | |
| ४. | प्रशासन शाखा/ स्टोर | मतिलाल कवर | |

## ७. सम्पादन गरेको कामको विवरण :२०७९ साल श्रावण १ देखि २०७९ साल असोज मसान्त सम्म

| **क्र.स.** | **सम्पादन गरेको क्रियाकलाप** | **कामको परिमाण** | **कैफियत** |
|---|---|---|---|
| १. | स्मार्ट कृषि गाउँ कार्यक्रम | कोर्चावाङ, ह्वामा, थवाङ र रानवन समितिमा कार्यक्रमको कार्ययोना तयार भएको । | |
| २. | कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ग्रामीण कुखुरापालन कार्यक्रम मागमा आधारित व्यवसायिक कृषि तथा पशुपन्छी विकास कार्यक्रम तथा वालीवस्तु प्रवर्द्धन कार्यक्रमको लाग प्रस्ताव माग सम्पन्न भई १८५ वटा प्रस्तावहरुको फिल्ड भेरिफिकेशनको कार्य भईरहेको। | |
| ३. | कृषि तथा पशुपन्क्षी श्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | वाख्राको मल्टिप्लायर हर्ड कार्यक्रमको लागी सम्भाव्यता अध्ययन सम्पन्न भएको । समुदायको व्यवस्थापनमा वाख्रापालन कार्यक्रम कार्ययोजना निर्माणको लागी तथ्याङ्क संकलन सम्पन्न भएको ।एक स्वास्थ्य अवधारणा गोष्ठी सुलिचौरमा सम्पन्न भएको । | १००००० |

| | | | |
|---|---|---|---|
| ४. | पशुपन्क्षी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | उपचार सेवा- १०३९ प्रयोगशाला सेवा- १०० गाईनोक्लोजिकल उपचार -२६ सर्जिकल उपचार —१४३ कृतिम गर्भाधान-२७२ वन्ध्याकरण- ५२ आ.परजिवी नियन्त्रण - ५३३ वा. परजिवी नियन्त्रण -१३६२ खोप रेविज ० डोज राजश्व रु.४०९२० खोरेत रोग उन्मूलन कार्यक्रम ० डोज खोप, पि.पि.आर. खोप ० डोज खोप लगाएको। | |
| ५. | प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना | कार्ययोजना तयार भई सम्झौता सम्पन्न भएको। | |

**८.सूचना अधिकारी र प्रमुखको नाम ,पद :**

क) प्रमुखको नाम : डा. श्री सुकई प्रसाद थारु

पद : कार्यालय प्रमुख

ख)सूचना अधिकारीको नाम : श्री गिर वहादुर घर्तिमगर

पद : अधिकृत ( छैठौं)

**९.नीति, ऐन, नियम र निर्देशिकाको सूची :**

- राष्ट्रिय कृषि नीति २०६१
- खर्क नीति २०६८
- पन्छीपालन नीति २०६८
- कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३
- कृषि जैविक विविधता नीति २०६३
- जलवायु परिवर्तन नीति २०६७
- कृषि यान्त्रीकरण प्रवर्द्धन नीति २०७१
- एक स्वास्थ्य रणनीति २०७६
- राष्ट्रिय खाद्य स्वच्छता नीति २०७६
- राष्ट्रिय कृषि वन नीति २०७६

- पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५
- पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६
- पशु वधशाला तथा मासु जाँच ऐन २०५५
- पशु वधशाला तथा मासु जाँच नियमावली २०५७
- नेपाल पशु चिकित्सा परिषद ऐन २०५५
- नेपाल पशु चिकित्सा परिषद नियमावली २०५७
- दाना पदार्थ ऐन २०३३
- दाना पदार्थ नियमावली  २०३३
- औषधि ऐन २०३५
- सहकारी  ऐन २०७४
- नेपाल कृषि अनुसन्धान परिषद ऐन २०४८
- खाद्य ऐन २०२३
- प्रदेश नं.५को अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन २०७६
- स्मार्ट कृषि गाउँ कार्यान्वयन कार्यविधि २०७६
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय

| क्र.स. | विवरण | दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | गाई/भैसी | | |
| | दर्ता शुल्क | २० | |
| | शव परिक्षण शुल्क | २५० | |
| | साधरण शल्यक्रिया | २० | |
| | जटिल शल्यक्रिया | २०० | |
| २ | हात्ति, घोडा, बाँदर अन्य जन्तुहरु | | |
| | दर्ता शुल्क | ५० | |
| | शव परिक्षण शुल्क | ५०० | |
| | साधरण शल्यक्रिया | २५० | |
| | जटिल शल्यक्रिया | ५०० | |
| ३ | भेडा,वाख्रा, खरायो | | |

| | | | |
|---|---|---|---|
| | दर्ता शुल्क | १० | |
| | शव परिक्षण शुल्क | ५० | |
| | साधरण शल्यक्रिया | २० | |
| | जटिल शल्यक्रिया | १०० | |
| ४ | सुँगुर/वंगुर | | |
| | दर्ता शुल्क | १० | |
| | शव परिक्षण शुल्क | ५० | |
| | साधरण शल्यक्रिया | ५० | |
| | जटिल शल्यक्रिया | २०० | |
| ५ | कुखुरा,हाँस अन्य पन्छी | | |
| | दर्ता शुल्क | १० | |
| | शव परिक्षण शुल्क | ५० | |
| | साधरण शल्यक्रिया | - | |
| | जटिल शल्यक्रिया | - | |
| ६ | कुकुर, विरालो अन्य पेट एनिमल | | |
| | दर्ता शुल्क | ५० | |
| | शव परिक्षण शुल्क | २५० | |
| | साधरण शल्यक्रिया | २५० | |
| | जटिल शल्यक्रिया | ५०० | |
| ७ | रगत परिक्षण | १०० | |
| ८ | गोबर परिक्षण | २० | |
| ९ | एक्स-रे | २०० | |
| १० | अल्ट्रासाउण्ड | ३०० | |
| ११ | दुध परिक्षण culture AST | १०० | |
| १२ | दाना परिक्षण culture AST | २०० | |
| १३ | पानी परिक्षण culture AST | १०० | |
| १४ | Rapid Diagnosis Test ( FMD, PPR, Ranikhet etc ) | ५०० | |

# यस आ.व.को वजेट, खर्च र निकाशा

**प्रदेश सरकार**

**लुम्बिनी प्रदेश**

**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय रुपन्देही**

**आ.ब. २०७९/८०**

**२०७९ साल असोज महिनाको मासिक वित्तिय प्रगति विवरण**

कार्यालयको नामः भेटेरिनरी अस्पताल तथा पशु सेवा वज्ञ केन्द्र रोल्पा

| सि. न. | ब.उ.शी.न. | कार्यक्रम शीर्षक | जम्मा बजेट | कुल खर्च असोज महिना | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३१२०२०१५३ | चालु तर्फ | २३९.५९ | ३६.९९ | ३६.९९ | |
| २ | ३१२०२०१५४ | पूजीगत तर्फ | | | | |
| ३ | ३१२०००१२३ | कृषि उत्पादन खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ७८.४० | ० | ० | |
| ४ | ३१२०००१३३ | स्मार्ट कषि गाउँ कार्यक्रम | ११५.५ | ० | ० | |
| ७ | ३१२०००१८३ | कृषि तथा पशुपन्छी श्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | ११४.७६ | १.३८ | १.३८ | |
| ९ | ३१२०००२१३ | पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | २६.२० | ० | ० | |
| ११ | ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २२ | ० | ० | |
| जम्मा | | | ५९६.४५ | ३८.३७ | ३८.३७ | |

## सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण


www.rolpa.vethos.gov.np

E-mail : vethosrolpa@gmail.com

Contact No. 086-440056, 086-440032